14-03-2019 ओम् शान्ति प्रातः मुरली "बापदादा" मधुबन

**"मीठे बच्चे– जसरी बाबा र दादा दुवै निरहंकारी हुनु हुन्छ, निष्काम सेवा गर्नुहुन्छ, आफ्नो लागि कुनै लोभ गर्नुहुन्न,त्यसैगरी तिमी बच्चाहरू पनि बाबा समान बन।"**

**प्रश्नः–** गरिब निवाज बाबाले गरिब बच्चाहरूको तकदिरलाई कुन आधारमा श्रेष्ठ बनाउनु हुन्छ?

**उत्तरः–** बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! घरमा रहेर सबैकुरा सम्हाल्दै सदा बुद्धिले यही सम्झ– यो सबै बाबाको हो। निमित्त (ट्रस्टी) भएर रहयौ भने तकदिर श्रेष्ठ बन्छ। यसमा धेरै सच्चाई चाहिन्छ। पूरा निश्चय भयो भने मानौं यज्ञबाट पालना भइरहन्छ। घरमा निमित्त भएर शिवबाबाको भण्डारबाट खान्छौ। बाबालाई सबै सत्य बताउनु पर्छ।

**ओम् शान्ति।** भक्ति मार्गको सतसङ्ग भन्दा यो ज्ञानमार्गको सतसङ्ग विचित्रको छ। तिमीलाई भक्तिको अनुभव त छ। जान्दछौ– अनेकानेक साधु-सन्त भक्ति मार्गका शास्त्र आदि सुनाउँछन्। यहाँ त विल्कुलै त्यसबाट भिन्न छ। यहाँ तिमी कसको सम्मुख बसेका छौ? डबल पिता र माताको सम्मुख। त्यहाँ त यस्तो हुँदैन। तिमीलाई थाहा छ– यहाँ बेहदका पिता पनि हुनु हुन्छ, मम्मा पनि छन्, सानी मम्मा पनि छिन्। यतिका सबै सम्बन्धहरू हुन जान्छन्। त्यहाँ त यस्तो कुनै सम्बन्ध हुँदैन। न उनीहरू कुनै अनुयायी नै हुन्छन्। त्यो त निवृत्त मार्ग हो। उनीहरूको धर्म नै अलग छ। तिम्रो धर्म नै अलग छ। रात-दिनको फरक छ। यो पनि तिमीलाई थाहा छ– लौकिक पिताबाट एक जन्मको लागि अल्पकालको क्षणभंगुर सुख मिल्छ। फेरि नयाँ बाबा, नयाँ कुरा। यहाँ त लौकिक पनि हुनु हुन्छ, पारलौकिक पनि हुनु हुन्छ र फेरि अलौकिक पनि हुनु हुन्छ। लौकिकबाट पनि वर्सा मिल्छ र पारलौकिकबाट पनि वर्सा मिल्छ। बाँकी यी अलौकिक बाबा अनौठो छन्, यिनीबाट कुनै वर्सा मिल्दैन। हो, यिनीद्वारा शिवबाबाले वर्सा दिनु हुन्छ, त्यसैले उहाँ पारलौकिक बाबालाई धेरै याद गर्छन्। लौकिकलाई पनि याद गर्छन्। बाँकी यी अलौकिक ब्रह्मा बाबालाई कसैले याद गर्दैनन्। तिमीलाई थाहा छ– यिनी हुन् प्रजापिता, यी कुनै एकका पिता होइनन्। प्रजापिता आदि पिता (ग्रेट-ग्रेट ग्रेन्ड फादर) हुन्। शिवबाबालाई ग्रेट-ग्रेट ग्रेन्ड फादर भनिदैन। लौकिक सम्बन्धमा लौकिक बुवा र हजुरबुवा हुन्छन्। यी हुन् ग्रेट-ग्रेट ग्रेन्ड फादर। यसरी न लौकिकलाई, न पारलौकिकलाई भनिन्छ। यस्ता ग्रेट-ग्रेट ग्रेन्ड फादरबाट फेरि पनि वर्सा त मिल्दैन। यी सबै कुरा बाबा बसेर सम्झाउनु हुन्छ। भक्तिमार्गको त कुरा नै अलग छ। ड्रामामा त्यो पनि पार्ट छ जुन फेरि चलिरहन्छ। बाबाले बताउनु हुन्छ– तिमीले कसरी ८४ लाख होइन, ८४ जन्म लिन्छौ। बाबा आएर अहिले हामीलाई अनि सारा दुनियाँलाई सदाचारी (राइटियस) बनाउनु हुन्छ। यस समयमा धर्मात्मा कोही बन्दैन। पुण्य आत्माहरूको दुनियाँ नै अर्के छ। जहाँ पाप आत्माहरू रहन्छन् त्यहाँ पुण्य आत्माहरू रहँदैनन्। यहाँ पाप आत्माहरूले पाप आत्माहरूलाई नै दान-पुण्य गर्छन्। पुण्य आत्माहरूको दुनियाँमा दान-पुण्य गर्नु पर्ने आवश्यकता हुँदैन। हामीले संगममा २१ जन्मको लागि वर्सा लिएका हौं भन्ने ज्ञान त्यहाँ रहँदैन। होइन, यो ज्ञान यहाँ बेहदका बाबाबाट तिमीलाई नै मिल्छ, जसबाट २१ जन्मको लागि सदा सुख, स्वास्थ्य, सम्पत्ति सबै मिल्छ। त्यहाँ तिम्रो आयु लामो हुन्छ। नाम नै छ अमरपुरी। भन्छन् शंकरले पार्वतीलाई कथा सुनाए। सूक्ष्मवतनमा त यी कुरा हुँदैनन्। त्यसमा पनि अमरकथा एक जनालाई मात्र कहाँ सुनाइन्छ र! यी हुन् भक्ति मार्गका कुरा जसमा अहिलेसम्म खडा छन्। ईश्वरलाई सर्वव्यापी भन्नु सबै भन्दा मिथ्या कुरा हो। यसरी बाबाको ग्लानि गर्छन्। बेहदका बाबा जसले तिमीलाई विश्वको मालिक बनाउनु हुन्छ उहाँको लागि भन्छन् सर्वव्यापी हुनु हुन्छ, ढुंगा-मूढामा, कण-कणमा हुनु हुन्छ। आफ्नो भन्दा पनि बढी ग्लानि गरेका छन्। म तिम्रो कति निष्काम सेवा गर्छु। म पहिला नम्बरमा आऊँ भन्ने मलाई केही पनि लोभ छैन, अरूलाई बनाउने रहन्छ। यसलाई भनिन्छ निष्काम सेवा। तिमी बच्चाहरूलाई नमस्ते गर्नुहुन्छ। बाबा कति निराकारी, निरंहकारी हुनु हुन्छ, कुनै अहंकार छैन। कपडा आदि पनि उही छन्। केही पनि बदल्नु भएको छैन। उनीहरू त सारा ड्रेस बदल्छन्। यिनको ड्रेस उही साधारण छ। अफिसरको ड्रेस पनि बदल्छन्, यिनको त उही साधारण बेशभूषा छ। कुनै फरक छैन। बाबाले पनि भन्नुहुन्छ म साधारण तनमा आउँछु। त्यो पनि कुनचाहिँ? जसले स्वयं पनि आफ्नो जन्मलाई जान्दैनन्, म कति पुनर्जन्म लिन्छु? उनीहरू त ८४ लाख भनिदिन्छन्। यी सुनेका र सुनाइएका कुरा हुन्। यसबाट फाइदा केही पनि छैन। डराउँछन्– यस्तो काम गर्यौ भने गधा, कुकुर आदि बन्छौ, गाईको पुच्छर समात्यौ भने तर्नेछौ। अब गाई कहाँबाट आइन्? स्वर्गका

गाईहरू नै अलग हुन्छन्। त्यहाँका गाईहरू धेरै फस्टक्लास हुन्छन्। जसरी तिमी १०० प्रतिशत सम्पूर्ण, त्यसैगरी गाईहरू पनि यस्तै फस्टक्लास हुन्छन्। कृष्णले कुनै गाई चराउँदैनन्। उनलाई गाई चराउन किन पर्यो र। यो त त्यहाँको सुन्दरता देखाइएको हो। यस्तो होइन कृष्णले कुनै गाई पालेका हुन्। कृष्णलाई गोठालो बनाइदिएका छन्। कहाँ सर्वगुण सम्पन्न सत्ययुगका राजकुमार, कहाँ गोठालो! केही पनि सम्झदैनन् किनकि देवता धर्म त अब छैन। यो केवल एक मात्र धर्म हो जुन प्राय: लोप हुन्छ। यी कुरा कुनै शास्त्रमा छैनन्। बाबा भन्नुहुन्छ– यो ज्ञान मैले विश्वको मालिक बनाउन तिमी बच्चाहरूलाई दिन्छु। मालिक बनेपछि फेरि ज्ञानको आवश्यकता रहँदैन। ज्ञान सधैं अज्ञानीहरूलाई दिइन्छ। गायन छ– ज्ञान सूर्य प्रगटा, अज्ञान अंधेर विनाश... अहिले बच्चाहरू जान्दछन्– सारा दुनियाँ अँध्यारोमा छ। कति धेरै सतसङ्ग छन्। यो कुनै भक्तिमार्ग होइन। यो हो सद्गति मार्ग। एक बाबाले नै सद्गति गर्नुहुन्छ। तिमीले भक्तिमार्गमा पुकारेका छौ– हजुर आउनुभयो भने हामी हजुरकै बन्नेछौं। हजुर बाहेक अर्को कोही छैन किनकि हजुर नै ज्ञानका सागर, सुखका सागर, पवित्रताका सागर, सम्पत्तिका सागर हुनु हुन्छ। सम्पत्ति पनि दिनु हुन्छ नि। कति मालामाल गरिदिनु हुन्छ। तिमीलाई थाहा छ– हामी २१ जन्मको लागि शिवबाबा सँग झोली भर्न आएका छौं अर्थात् नरबाट नारायण बन्छौं। भक्ति मार्गका कथाहरू त धेरै सुन्यौ, सिँढी तल झर्दै आयौ। चढ्ती कला कसैको पनि हुन सकेन। कल्पको आयु पनि कति लम्बा-चौडा गरिदिएका छन्। ड्रामाको अवधिलाई लाखौं वर्ष भनिदिएका छन्। अब तिमीलाई थाहा भएको छ– कल्प हो नै ५००० वर्षको। अधिकतम छ ८४ जन्म र कम्तीमा छ एक जन्म। पछि आइरहन्छन्। निराकारी वृक्ष हो नि। फेरि नम्बरवार पार्ट बजाउन आउँछन्। वास्तवमा त हामी निराकारी वृक्षका हौं। फेरि त्यहाँबाट यहाँ पार्ट बजाउन आउँछौं। त्यहाँ सबै पवित्र रहन्छन्। तर पार्ट सबैको अलग-अलग हुन्छ। यो बुद्धिमा राख। वृक्षलाई पनि बुद्धिमा राख। सत्ययुग देखि कलियुग अन्त्यसम्म यो बाबाले नै बताउनु हुन्छ। यो कुनै मनुष्यले बताउँदैन, दादाले बताउनु हुन्न। एउटै सतगुरु हुनु हुन्छ जसले सर्वको सद्गति गर्नुहुन्छ। बाकी त सबै भक्ति मार्गका गुरु हुन्। कति कर्मकाण्ड गर्छन्। भक्ति मार्गको कति आडम्बर छ। यो मृगतृष्णा समान हो। यसमा यसरी फँसेका छन् जो कसैले निकाल्न जान्छन् भने स्वयं नै फँस्छन्। यो पनि ड्रामामा निश्चित छ। कुनै नयाँ कुरा होइन। तिम्रो सेकेन्ड-सेकेन्ड जुन पास हुन्छ, सारा ड्रामा बनेको छ। तिमीलाई थाहा छ– अब हामी बेहदका बाबाबाट राजयोग सिकेर नरबाट नारायण, विश्वको मालिक बन्छौं। तिमी बच्चाहरूलाई यो नशा रहनु पर्छ। बेहदका बाबा पाँच-पाँच हजार वर्षपछि भारतमा नै आउनु हुन्छ। उहाँ शान्तिका सागर, सुखका सागर हुनु हुन्छ। यो महिमा पारलौकिक बाबाको नै हो। तिमीलाई थाहा छ– यो महिमा विल्कुलै ठीक छ। सबैकुरा एकैबाट मिल्छ। उहाँ नै दु:ख-हर्ता, सुख-कर्ता हुनु हुन्छ, जसको सामुन्ने तिमी बसेका छौ।

तिमी आफ्नो सेन्टरमा हुँदा कहाँ योग लगाउँछौ? बुद्धिमा आउँछ शिवबाबा मधुवनमा हुनु हुन्छ। उहाँलाई नै याद गर्छौ। शिवबाबाले स्वयं भन्नुहुन्छ– मैले फेरि दुनियाँलाई स्वर्ग बनाउन साधारण बूढो तनमा प्रवेश गरेको छु। म पनि ड्रामाको बन्धनमा बाँधिएको छु। तिमीले मेरो कति ग्लानि गर्छौ। म तिमीलाई पूज्यनीय बनाउँछु। हिजोको कुरा हो। तिमी कति पूजा गर्थ्यौ। तिमीलाई आफ्नो राज्य-भाग्य दिएँ। सबै गुमायौ। अब फेरि तिमीलाई विश्वको मालिक बनाउँछु। कहिल्यै कसैको बुद्धिमा बस्दैन। यी हुन् दैवी गुण भएका देवताहरू। हुन् त मनुष्य नै, कुनै ८०-१०० फिट अग्ला त छैनन्। यस्तो त होइन– उनको आयु लामो हुन्छ त्यसैले छाना जत्तिकै अग्ला होलान्। कलियुगमा तिम्रो आयु कम हुन्छ। बाबा आएर तिम्रो आयुलाई लामो बनाइदिनु हुन्छ। त्यसैले बाबा भन्नुहुन्छ– स्वास्थ्य मन्त्रीलाई पनि सम्झाऊ। भन– हामी तपाईंलाई यस्तो युक्ति बताउँछौं जसले गर्दा कहिले बिरामी हुनु पर्दैन। भगवानुवाच– आफूलाई आत्मा सम्झेर मलाई याद गरेमा पतितबाट पावन सदा स्वस्थ बन्नेछौं। हामी ग्यारेन्टी गर्छौं। योगी पवित्र हुन्छन् त्यसैले आयु पनि लामो हुन्छ। अहिले तिमी राजयोगी, राजऋषि हौ। ती संन्यासीहरूले त कहिले राजयोग सिकाउन सक्दैनन्। उनीहरूले भन्छन्– गंगा पतित-पावनी हो, त्यहाँ दान गर। अब गंगामा कहाँ दान गरिन्छ र। मनुष्यहरू पैसा खसाल्छन्। पण्डितहरूले लिएर जान्छन्। अब तिमी बाबाद्वारा पावन बनिरहेका छौ। बाबालाई के दिन्छौ? केही पनि दिदैनौ, बाबा त दाता हुनु हुन्छ। तिमी भक्ति मार्गमा ईश्वर अर्थ गरिबहरूलाई दिन्थ्यौ अर्थात् पतितहरूलाई दिन्थ्यौ। तिमी पनि पतित, लिनेवाला पनि पतित। अब तिमी पावन बन्छौ। उनीहरू पतितले पतितलाई नै दान गर्छन्। कुमारी जो पहिले पवित्र हुन्छिन् उनलाई पनि दान दिन्छन्, ढोग्छन्, खुवाउँछन्, दक्षिणा पनि दिन्छन्। विवाहपछि बर्बाद नै हुन्छ। ड्रामामा निश्चित छ फेरि पनि यसरी नै दोहोरिन्छ। भक्ति मार्गको पनि पार्ट छ। सत्ययुगको पनि समाचार बाबाले दिनु हुन्छ। अब तिमी बच्चाहरूलाई समझ मिलेको छ। पहिले बेसमझ थियौ। शास्त्रहरूमा त भक्ति मार्गका कुरा छन्, त्यसबाट कसैले

पनि मलाई प्राप्त गर्न सक्दैन। म जब आउँछु तब नै सबैको सद्‌गति गर्छु। म एकैपल्ट आएर पुरानोलाई नयाँ बनाउँछु। म गरिब निवाज हुँ। गरिबहरूलाई धनी बनाउँछु। गरिबहरू त तुरुन्तै बाबाको बनिहाल्छन्। भन्छन्– बाबा हामी पनि हजुरका हौं। यो सबै हजुरको हो। बाबा भन्नुहुन्छ– निमित्त भएर रहने गर। बुद्‌धिले सम्झ– यो हाम्रो होइन बाबाको हो। यसमा बडो समझदार बच्चाहरू चाहिन्छन्। फेरि तिमी घरमा भोजन बनाएर खान्छौ भने पनि यज्ञबाटै खान्छौ किनकि तिमी पनि यज्ञका भयौ। सबै यज्ञको भयो। घरमा पनि निमित्त भएर रहन्छौ भने शिवबाबाको भण्डारबाट खान्छौ। तर पूरा निश्चय चाहिन्छ। निश्चयमा गडबढी भयो भने... हरिश्चन्द्रको उदाहरण दिइन्छ। बाबालाई त सबैकुरा बताउनु पर्छ। म गरिब निवाज हुँ।

**गीतः**–आखिर वह दिन आया आज...।

आधाकल्प भक्तिमा याद गर्‍यौ, अब आखिरमा मिल्यो। अब ज्ञान जिन्दाबाद हुनु छ। सत्ययुग अवश्य आउनु छ। बीचमा छ संगम, जसमा तिमी उत्तम भन्दा उत्तम बन्छौ। तिमी पवित्र प्रवृत्ति मार्गवाला थियौ। फेरि ८४ जन्मपछि अपवित्र बन्छौ, फेरि पवित्र बन्नु छ। कल्प पहिले पनि तिमी यस्तै बनेका थियौ। कल्प पहिले जसले जति पुरुषार्थ गरेका थिए, त्यति नै गर्नेछन्। आफ्नो वर्सा लिन्छन्। साक्षी भएर हेर्नुहुन्छ। बाबा भन्नुहुन्छ– तिमी सन्देशबाहक (मेसेन्जर) हौ, अरू त कोही मेसेन्जर, पैगम्बर होइनन्। सतगुरु, सद्‌गति गर्नेवाला एक हुनु हुन्छ। अरू धर्म नेताहरू धर्म स्थापना गर्न आउँछन्। त्यसैले गुरु कसरी भए त? मैले त सबैलाई सद्‌गति दिन्छु। अच्छा–

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमनिङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) सुख, शान्ति, सम्पत्तिका सागर बाबा हामीलाई मिलेको छ। हामीलाई सबैथोक एकैबाट मिल्छ– सदा यसै नशामा रहनु छ। यस्तो बाबाको हामी सामुन्ने बसेका छौं।

२) आफ्नो अहंकारलाई छोडेर बाबा समान निष्काम सेवा गर्नु छ। निरहंकारी भएर रहनु छ। मेसेन्जर पैगम्बर बनेर सबैलाई सन्देश दिनु छ।

**वरदानः–** अकाल तख्त र दिलतख्तमा बसेर सदा श्रेष्ठ कर्म गर्ने कर्मयोगी भव

यस समयमा तिमीहरू सबै बच्चाहरूलाई दुईवटा तख्त मिल्छ– एक अकाल तख्त, अर्को दिल तख्त। तर तख्तमा उही बस्न सक्छ जसको राज्य हुन्छ। जब अकाल तख्तनशीन छौ भने स्वराज्य अधिकारी हुन्छौ र बाबाको दिल तख्तनशीन छौ भने बाबाको वर्साको अधिकारी हुनेछौ, जसमा राज्य भाग्य सबै आउँछ। कर्मयोगी अर्थात् दुवै तख्तनशीन। यस्तो तख्तनशीन आत्माको हरेक कर्म श्रेष्ठ हुन्छ किनकि सबै कर्मेन्द्रियहरू नियम र आज्ञामा रहन्छन्।

**स्लोगनः–** जो सदा स्वमानको सीटमा सेट रहन्छ, ऊ नै गुणवान् र महान् हो।